# स्थानिय राजपत्र

**खण्ड - ६ सख्या - ९ मिति — २०८०-१२-०७**

भाग - २

माईजोगमाई गाउँपालिका ,

नयाँबजार ईलाम

माईजोगमाई गाउँपालिका

**“माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधि २०८०"**

# “माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधि २०८०"

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१२/०७

**प्रस्तावनाः**

नेपालको संविधानको प्रस्तावना मौलिक हकको मर्म र भावना एवं राज्यले लिएको निति तथा सिद्धान्त समेतलाई आत्मसाथ गर्दै स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिकालाई प्रदत्त काम कर्तव्य र अधिकारको प्रयोग गर्दै युवा वर्गको हक हित र अधिकार संरक्षण सम्बर्धन एवं प्रत्याभुत गरी माईजोगमाई गाउँपालिकालाई समतामुलक गाउँपालिकाको रुपमा विकास गर्न तथा समग्र युवा वर्गको राजनितिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक लगायतका समग्र क्षेत्रमा युवाहरुको परिचालन प्रतिनिधित्व र पहुँच अभिवृद्धी गर्दै गाउँपालिकाको मुल प्रवाहमा युवाहरुको मुलप्रवाहीकरण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गरी युवा परिचालन, शसक्तिकरण र मुलप्रवाहीकरण गर्न वान्छनिय भएकोले " उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम " संचालन गर्न स्थानीय सरकार संचालन ऐनको दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी "माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधी-२०८० "जारी गरीएको छ।

## परिच्छेद – १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम " माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधी २०८०" रहेको छ।

(२) यो कार्यविधी माईजोगमाई गाउँपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

(३) यो कार्यविधी माईजोगमाई गाउँपालिका भित्र लागु हुनेछ।

माईजोगमाई गाउँपालिका

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

क. 'संयोजक' भन्नाले उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम समितिको संयोजकलाई सम्झनु पर्ने छ ।

ख. 'सदस्य' भन्नाले उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम संचालन समितिको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

ग. 'पदाधिकारी' भन्नाले माईजोगमाई गाउँपालिका उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम संचालन समितिको संयोजक र सचिव लाई सम्झनु पर्ने छ

घ. 'गाउँसभा' भन्नाले माईजोगमाई गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ । यस शव्दले माईजोगमाई गाउँपालिकाको गाउँअधिववेशनलाई समेत वुझाउनेछ ।

ङ. 'गाउँपालिका' भन्नाले माईजोगमाई गाउँपालिकालाई सम्झनु पर्नेछ ।

च. 'कार्यपालिका' भन्नाले माईजोगमाई गाउँकार्यपालिकालाई सम्झनुपर्नेछ ।

छ. 'अध्यक्ष' भन्नाले माईजोगमाई गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

ज. 'उपाध्यक्ष' भन्नाले माईजोगमाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

झ. 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले माईजोगमाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

ञ. 'शाखा' भन्नले माईजोगमाई गाउँपालिकाको विषयगत शाखाहरुलाई सम्झनु पर्नेछ ।

ट. 'विषयगत समिति' भन्नाले माईजोगमाई गाउँपलिकाको विषयगत समितिहरुलाई सम्झनु पर्नेछ ।

ठ. 'वडा' भन्नाले माईजोगमाई गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्नेछ।

ड. 'वडा समिति' भन्नले माईजोगमाई गाउँपालिकाको वडा समितिहरुलाई सम्झनु पर्नेछ ।

ढ. 'समिति' भन्नाले उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम संचालन समितिलाई सम्झनु पर्नेछ

माईजोगमाई गाउँपालिका

ण. 'सदस्य सचिव'  भन्नाले उपाध्यक्ष सँग युवा कार्यक्रम संचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्ने छ ।

त. 'तोकिए बमोजिम'   भन्नाले यस कार्यविधी बमोजिम तोकिएको भन्ने वुझ्नु पर्नेछ

थ. युवा भन्नाले - १८ वर्ष उमेर पुरा गरी ५० वर्ष उमेर ननाघेका महिला, पुरुष वा लैगिक तथा यौनिक अल्पसंख्यकलाई वुझाउनेछ ।

द. 'कार्यविधि'  भन्नाले माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधी २०८० सम्झनु पर्नेछ ।

## परिच्छेद २

**३. उदेश्य :** उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन गर्नका उद्देश्य देहाय बमोजिम हुनेछन :-

क. युवाहरुको दक्षता र क्षमता विकास गर्नु ।

ख. युवाहरुलाई उद्यमशील, रोजगारमुलक र स्वरोजगार वनाउनु ।

ग. युवाहरुलाई आत्मनिर्भर स्वावलम्वी र चरित्रवान वनाउनु ।

घ. आर्थिक सामाजिक सांस्कृतिक रुपान्तरणमा सार्थक सहभागीता अभिवृद्धी गरी गाउँपालिकाको मुल प्रवाहमा युवाहरुलाई मुलप्रवाहीकरण गर्नु ।

ङ. आय आर्जन र सिप विकासको माध्यमवाट युवाहरुको जीवन स्तर माथि उठाउनु ।

**४. नीति :** उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन गर्दा देहाय बमोजिमको निति अवलम्वन गरिनेछ :-

क. युवाहरुको वस्तुगत विवरण तयार गरि माईजोगमाई गाउँपालिकाका युवाहरुको वर्तमान अवस्थाको विश्लेषण गरिनेछ।

ख. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका युवा वर्गको आर्थिक तथा सामाजिक शसक्तिकरण गरिनेछ ।

ग. युवा व्यवसायीहरुको व्यवसाय प्रवर्धनमा सहयोग गरिनेछ ।

घ. युवाहरुलाई आत्मनिर्भर तथा स्वावलम्वी वनाउन विभिन्न व्यवसायीक, सीप तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

ङ. घरेलु तथा साना उद्योगलाई विशेष प्राथमिकता दिईनेछ ।

च. सामाजिक विकृति र विसंगती न्युनिकरणको लागी अभियानमुखी कार्यक्रम संचालन गरिनेछ ।

छ. विभिन्न योगाभ्यास, मनोपरामर्श तथा पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ ।

## परिच्छेद ३

## समितिको गठन तथा काम कर्तव्य र अधिकार

**५. समितिको गठन :** माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन गर्न देहाय बमोजिम समिति गठन हुनेछन :-

क. गाउँपालिकाको उपाध्यक्ष संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

माईजोगमाई गाउँपालिका

ग. गाउँपालिकाको अध्यक्षको सिफारिसमा गाउँकार्यपालिकाले तोकेको वडा अध्यक्षहरु मध्येवाट १ जना सदस्य

घ. गाउँपालिकाको अध्यक्षको सिफारिसमा गाउँकार्यपालिकाले तोकेको गाउँकार्यपालिकाको महिला सदस्य १ जना

ङ. गाउँपालिकामा सुचिकृत युवा सम्वन्धी संघ संस्थाहरु मध्येवाट गाउँकार्यपालिकाले तोकेको कम्तिमा १ जना महिला सहित २ जना सदस्य

च. संयोजकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको माईजोगमाई गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी १ जना सदस्य सचिव

**६. पदाधीकारी तथा सदस्यहरुको पदावधी:**

१. दफा ५ को (क) (ग) (घ) (ङ) बमोजिम नियुक्त भएका पदाधिकारी तथा सदस्य पदावधी निर्वाचनको कार्यकाल सम्म रहने छ।

२. दफा ५ को (ख) बमोजिमको सदस्यको पदावधी सो पदमा पदाधिकार रहुन्जेल रहनेछ।

३. दफा ५ को (ङ) र (च) बमोजिमको सदस्यको पदावधी ३ वर्षको हुनेछ तर दफा ५ बमोजिम पुन नियुक्त हुन वाधा पर्ने छैन।

**७. पद रिक्त हुने :** उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन समितिको पद देहाय बमोजिम रिक्त हुनेछ।

क. मृत्यु भएमा
ख. माईजोगमाई गाउँपालिका वाट अन्यत्र वसाई सारि गएमा
ग. फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएमा
घ. राजिनामा दिएमा
ङ. भ्रष्टचारको कसुरमा अदालतवाट दोषी प्रमाणीत भएमा
च. दफा ६ बमोजिमको पदावधी समाप्त भएमा

माईजोगमाई गाउँपालिका

**८. राजिनामा :** संयोजकले गाउँपालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारि तथा सदस्यले संयोजक समक्ष राजिनामा पेश गर्न सक्नेछन। यसरी पेश भएको राजिनामा स्वीकृत भएपछि पद रिक्त भएको मानिनेछ।

**९. पदपुर्ती सम्वन्धि व्यवस्था**

१. कार्यविधीको दफा ५ बमोजिमको जुन पद रिक्त भएको हो सो पद सोही दफा बमोजिम पदपुर्ती गरिनेछ।

**१०.पदवाट हटाउन सकिनेः**

१. कार्यविधीको दफा ५ को (क) र (ख) वाहेकका समितिका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको गाउँपालिकाले ठहर गरेमा समितिका पदाधिकारी तथा सदस्यलाई हटाई वाँकि पदावधिको लागी रिक्त पदमा यस कार्यविधि बमोजिम पदपुर्ती गर्न सकिनेछ। तर त्यसरी पदवाट हटाउनु पुर्व सफाईको मौका दिईनेछ।

**११. योग्यता :**

१. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधी -२०८० को दफा ५ को उपदफा (क) (ख) (ग) (घ) र (च) को हकमा सम्वन्धित पदमा पदाधिकार रहेको र दफा ५ को (ङ) को सदस्यको हकमा देहाय बमोजिमको योग्यता हुनु पर्नेछ।

क. नेपाली नागरीक

ख. १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको

ग. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरीएको

घ. मानसिक सन्तुलन नगुमाएको व्यक्ति

ङ. वैक तथा वित्तिय संस्थाको कालो सुचिमा नपरेको व्यक्ति

च. माईजोगमाई गाउँपालिकालाई वुझाउनु पर्ने कर राजश्व तथा सेवा शुल्क लगायत वाँकी वक्यौता नरहेको व्यक्ति

माईजोगमाई गाउँपालिका

## **१२. समितिको काम कर्तव्य र अधिकारः**

१. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन कार्यविधी -२०८० मा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालन सम्वन्धी कार्यविधीले तोकेको नीति कार्यन्वयन गर्ने गराउने ।

ख. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम सम्वन्धी कार्यक्रम छनौट गरी स्वीकृत गर्ने ।

ग. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम सम्वन्धी स्वीकृत कार्यक्रम संचालनको लागी गाउँपालिकामा सिफारिस गर्ने ।

घ. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालनको लागी विनियोजित वजेट वाट संचालन हुने योजना तथा कार्यक्रमको सम्वन्धमा कार्यक्रम अनुगमन गर्ने तथा पृष्टपोषण उपलव्ध गराउने ।

ङ. कार्यक्रमको प्रगती समिक्षा गर्ने ।

च. सम्पन्न कार्यक्रमहरुको भुक्तानीको लागी सिफारिस गर्ने ।

छ. माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रम संचालनको लागी गाउँपालिका क्षेत्रमा कृयाशिल विभिन्न युवा संघ संस्था तथा समुह वीच समन्वय गर्ने ।

ज. गाउँ कार्यपालिका प्रति उत्तरदायी भई कार्य गर्ने ।

झ. गाउँपालिकाले तोकेको युवा सम्वन्धी अन्य कार्यहरु गर्ने ।

**१३. समितिको वैठक :**

समितिको वैठक देहाय बमोजिम हुनेछ ।

क. समितिको वैठक कम्तिमा २ महिनामा १ पटक वस्नेछ । तर यस वाहेक आवश्यकता अनुसार समितिको वैठक वस्न सक्नेछ ।

ख. समितिको वैठक संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ ।

ग. समितिको वैठकको निर्णयलाई संयोजकले प्रमाणीत गर्नेछ ।

घ. समितिको वैठक समितिको सचिवालयमा वस्नेछ .

ङ. समितिको वैठकमा आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष, विषयगत समितिका संयोजक तथा विषयगत शाखाका प्रमुखहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

च. समितिको वैठक सम्वन्धी सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ । समितीको बैठक सम्वन्धि कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ४

**१४. समितिका पदाधीकारी तथा सदस्यहरुको काम कर्तव्य र अधिकार**

समितिका पदाधिकारी तथा सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. संयोजकको काम कर्तव्य र अधिकार

१. समितिको संयोजकको रुपमा काम गर्ने ।

२. समितिको वैठकको अध्यक्षता गर्ने ।

३. समितिको वैठक वोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

माईजोगमाई गाउँपालिका

४. वैठकमा अनुशासन कायम गराउने ।

५. समितिको वैठकमा पेश हुने प्रस्तावहरु सचिवलाई सुचिकृत गर्न लगाउने ।

६. वैठकको निर्णय प्रमाणीत गर्ने ।

७. वैठकको निर्णय कार्यन्वायन गर्ने गराउने ।

८. गाउँपालिका विषयगत समिति तथा अन्य सरोकारवालासँग कार्यक्रमको वारेमा समन्वय गर्ने ।

९. कार्यक्रमको अनुगमन सुपरिवेक्षण गरी प्रगती प्रतिवेदन पेश गर्न लगाउने ।

१०. पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने ।

११. पदाधिकारी तथा सदस्यहरुको जिम्मेवारी तोक्ने ।

१२. कार्यक्रमको फोकल पर्सन तोकी कार्यक्रम संचालन गर्ने गराउने ।

१३. कार्यक्रमको अनुगमन तथा नियमन गर्ने ।

ख सदस्य सचिवको काम कर्तव्य र अधिकार

१. समिति तथा संयोजकले तोके बमोजिमको कार्य गर्ने ।

२. संयोजकको परामर्शमा समितिको वैठक वोलाउने ।

३. समितिको प्रशासनिक कार्यहरु गर्ने ।

४. संयोजकको निर्देशनमा वैठकमा पेश हुने विषयवस्तु टिपोट गर्ने ।

५. आवश्यकता अनुसार फोकल पर्सनको रुपमा काम गर्ने ।

६. संयोजकको निर्देशनमा कार्यक्रम वनाई समितिमा स्वीकृतिको लागी पेश गर्ने ।

ग. सदस्यहरुको काम कर्तव्य र अधिकार

१ वैठकमा सकृय सहभागीता जनाउने ।

माङसेबुङ गाउँपालिका

२ समिति तथा संयोजकलाई सहयोग गर्ने ।

३ स्वीकृत कार्यक्रम संचालनमा सहयोग गर्ने ।

४. समिति तथा संयोजकले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -५

## विविध

**१५. सचिवालय :** माईजोगमाई गाउँपालिकाको उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमको सचिवालय माईजोगमाई गाउपालिकाको सामाजिक शाखामा रहनेछ ।

**१६. संशोधन :** यो कार्यविधी आवश्यकता अनुसार कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१७. छाप तथा लेटर प्याड** : उपाध्यक्ष सँग युवा उधमी कार्यक्रमको लागी माईजोगमाई गाउँपालिकाको छाप तथा लेटर प्याड प्रयोग हुनेछ ।

**१८. व्याख्या** : यस कार्यविधीमा लेखिएको कुनै विषयमा अस्पस्ट भए वा विवाद भई निरुपण हुन नसकेमा सो विषयमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

माईजोगमाई गाउँपालिका

# **अनुसुची -१**

श्रीमान संयोजक ज्यू **मिति :- २०---/----/ ---**

उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम

विषय :- प्रस्ताव पेश सम्वन्धमा

प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिका वडा ------ मा रहेको -------------------------------- फर्म /कम्पनी / व्यवसायी ले --------------------------- व्यवसाय संचालान गरी ------------ उत्पादन गर्दै आएको र उक्त व्यवसाय विस्तार गर्नको लागी उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम अन्तर्गत वस्तुगत सहायता / अनुदान उपलव्ध गरी दिनु हुन तपशिल वमोजिमको कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपशिल

१ व्यवसाय दर्ता प्रमाण पत्र
२. स्थायी लेखा न / भ्याट दर्ता प्रमाण पत्र
३ . करचुक्ता प्रमाण पत्र
४ .व्यवसाय निरन्तर संचालन भई रहेको वडा कार्यलयको सिफारिस पत्र
५. निरन्तर ३ वर्ष सम्म व्यवसाय संचालन गर्ने प्रतिवद्दता पत्र
६. व्यवसाय संचालनको ३ वर्षे कार्य योजना
७ . व्यवसाय संचालन गरेको जग्गा धनी प्रमाण पुर्जा र मञ्जुरीनामा
८. उधमशीलता विकास तालिमको प्रमाण पत्र
९ व्यवसायीको नागरीकताको प्रमाण पत्र

निवेदकको दस्तखत :-------------------------
निवेदकको नाम थर :--------------------------
पद:---------------------------------------------
फर्मको नाम :--------------------------------
ठेगाना- :-----------------------------------------

माईजोगमाई गाउँपालिका

## अनुसुची - २

व्यवसाय संचालनको ३ वर्षे कार्ययोजना

१. व्यवसायको नाम :- ----------------------------व्यवसाय

२. व्यवासाय संचालन गर्ने फर्म वा कम्पनी वा व्यवसाय को

१ नाम---

२ ठेगाना

३. हाल आफुले संचालन गरीरहेका व्यवसायहरुको विवरण

| क्र स | व्यवसायको विवरण | लागत पुजी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

माईजोगमाई गाउँपालिका

४. निरन्तरता दिन चाहेको व्यवसायको विवरण :

| क्र स | व्यवसायको विवरण | व्यवसाय संचालन भएको स्थान | लागत पुँजी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. व्यवसायको उदेश्य :-

क.-----------------------------------------

ख. ---------------------------------------------

ग.-----------------------------------------------------

घ. -------------------------------------------------

६. व्यवसायलाई थप विस्तारको माग गरिएको :- रु --------------------------/ ( अक्षरेपी --------
-------------------------------------------------------- मात्र)

क . वस्तुगत सहायताको विवरण

| क्रस | सामानको विवरण | हालको संस्था भएको | इकाई | संख्या | दर | जम्मा | गा पा | संस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

ख. अनुदान

| क्रस | खर्च शिर्षक | हालको संस्था लगानी | इकाई | संख्या | दर | जम्मा | गा पा | संस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

७. व्यवसायको लक्ष्य :- ----------- प्रति वर्ष तपशिल वमोजिमको परिमाणमा ------- उत्पादन गरिनेछ ।

| क्र स | व्यवसायको नाम | वार्षिक उत्पादन | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | इकाई | आर्थिक वर्ष | | | |
| | | | २०--/२०- | २०--/२०- | २०--/२०- | |
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

माईजोगमाई गाउँपालिका

८. व्यवासाय संचालनमा लाग्ने प्रस्तावित खर्च

| आ व २०----/ २०----- | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | विवरण | इकाई | संख्या | दर | श्रोत व्यवस्थापन | | | कैफियत |
| | | | | | संस्था | अनुदान | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

| आ व २०----/ २०----- | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | विवरण | इकाई | संख्या | दर | श्रोत व्यवस्थापन | | | कैफियत |
| | | | | | संस्था | अनुदान | जम्मा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |
| | | | | | | | | |

माइजोगमाई गाउँपालिका

| आ व २०----/ २०----- | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | विवरण | इकाई | संख्या | दर | श्रोत व्यवस्थापन | | | कैफियत |
| | | | | | संस्था | अनुदान | जम्मा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

९. उत्पादनको सुनिश्चितता

यस फर्मवाट उत्पादित वस्तुको सुनिश्चितता गाउँपालिकाको अनुगमन र आम्दानी र खर्च विवरण र वस्तुको विक्री वितरण वा खपतको आधरमा गरिनेछ ।

छाप

कार्यक्रम पेश गर्नेको दस्तखत-----------

नाम-------------

पद-------------

फर्मको नाम----

ठेगाना----------

मिति-----------

# **अनुसुची ३**

उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम

माईजोगमाई गाउँपालिका , नयाँवजार

## प्राविधिक प्रतिवेदन

| क्र स | फर्म/ उधोगको नाम | ठेगाना | संचालन गरेको व्यवसाय | स्वीकृत मापदण्ड | उधोगको हालको अवस्था | व्यवसायीक रुपमा संचालन भए नभएको प्राविधिक राय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

प्रतिवेदन पेश गर्नेको नाम :- -------------------------------------------पद---------------

--------- दस्तखत ------------------- मिति २०—२०—२०---/-----/-----

माईजोगमाई गाँउपालिका

# <u>अनुसुची -४</u>

## <u>प्रतिवद्दता</u>

लिखितम् जिल्ला इलामा माईजोगमाई गाउँपालिका वडा न ----- मा स्थापना भएको म-------------------- फर्म / कम्पनी / व्यवसाय को प्रोपाईटर श्री ----------------------- ले माईजोगमाई गाउँपालिकाको उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम अन्तर्गत वस्तुगत सहायता / अनुदान प्राप्त गर्न निवेदन दिएको र उक्त अनुदानको लागी पेश भएको व्यवसाय संचालनको ३ वर्षे कार्य योजना वमोजिम व्यवसाय संचालन गरी वार्षिक रुपमा प्रतिवेदन पेश गर्नेछु । विशेष परिस्थिती (जस्तै प्रकृतिक वा दैविक प्रकोप वा महामारी आदि ) भई व्यवसाय संचालन गर्न नसक्ने भई गाउँपालिकावाट प्रमाणीत प्रतिवेदन भए वाहेक अन्य अवस्थामा कम्तीमा ३ वर्ष सम्म व्यवसाय संचालन वन्द हुने छैन । कार्ययोजना अनुरुप संचालन भएको व्यवसय विशेष परिस्थिति वाहेक वन्द गरेमा माईजोगमाई गाउँपालिकाले उपलव्ध गरेको वस्तुगत सहायत वा अनुदान रकम प्रचलित कानून वमोजिम फिर्ता गर्नेछु ।

दस्तखत----------------------------------

प्रोपाईटर वा संचालकको नाम----------------

पद---------------------------------------------

फर्मको नाम ---------------------------------

ठेगाना --------------------------------------

माईजोगमाई गाउँपालिका

# अनुसुची -५

## मञ्जुरीनामा

----------------------- फर्म वा  कम्पनी वा संस्थाका प्रोपाईटर मेरो --------------- नाताका श्री -----------------------------ले माईजोगमाई गाउँपालिकावाट उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रम अन्तर्गत अनुदानको लागी ३ वर्षे कार्य योजना सहित निवेदन पेश गरेको र निजले जाहेर गरेको प्रतिवद्तामा मेरो मञ्जुरी छ । अनुदान रकमको सदुपयोग भई कार्यक्रमको उदेश्य अनुरुप प्रतिफल नदिई हानी नोक्सानी भएको अनुदान वा वस्तुगत सहायत म र मेरो एकाघर परिवार वा फर्मको जायजेथा वा सम्पत्तीवाट नियमानुसार असुल गरे मेरो मञ्जुरी छ ।

इति संवत २०--- साल ------ महिना ------ गते --------- रोज शुभम्

दस्तखत----------------

नाम थर-------------------------------

निवेदक सँगको नाता------------------

ठेगाना-----------------------------

माईजोगमाई गाउँपालिका

## अनुसुची -६

उपाध्यक्ष सँग युवा उद्यमी कार्यक्रममा पेस भएका निवेदनहरुको तेरिज

| क्र स | फमको नाम | पेश भएको कागजात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नागरिकता | तालिम प्रमाण पत्र | व्यवसाय दर्ता प्रमाणपत्र | पान दर्ता | कर चुक्ता | वडा सिफारिस | जग्गा धनी प्रमाण पुर्जा | कार्य योजना | निवेदन | कैफियत |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने　　　　　　　　प्रमाणीत गर्ने

आज्ञाले
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

माईजोगमाई गाँउपालिका